# प्रदेश खेलकुद विकास नियमावली, २०७६

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

# प्रदेश खेलकुद विकास नियमावली, २०७६

प्रदेश राजपत्रमा प्रकाशन मिति
२०७६।०१।३१

प्रदेश खेलकुद विकास ऐन, २०७५ को दफा ३० ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश खेलकुद विकास नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश खेलकुद विकास ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले ऐनको दफा ३ बमोजिमको प्रदेश खेलकुद विकास परिषद् सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले नियम ३ बमोजिमको जिल्ला खेलकुद विकास समिति सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

## परिच्छेद-२

## समितिको गठन, काम, कर्तव्य र अधिकार

३. **जिल्ला खेलकुद विकास समितिको गठनः** (१) ऐनको दफा १२ बमोजिम प्रत्येक जिल्लामा देहाय बमोजिमको पदाधिकारी रहने गरी परिषद्ले जिल्ला खेलकुद विकास समिति गठन गर्नेछ :-

(क) खेलकुदको क्षेत्रमा योगदान दिएका खेलाडी वा प्रशिक्षक वा रेफ्री वा खेलकुद पदाधिकारी वा खेलकुद विज्ञहरु मध्येबाट परिषद्बाट नियुक्त व्यक्ति -अध्यक्ष

(ख) खेलकुदको क्षेत्रमा योगदान दिएका खेलाडी वा प्रशिक्षक वा रेफ्री वा खेलकुद पदाधिकारी वा खेलकुद विज्ञहरु मध्येबाट परिषद्बाट नियुक्त कम्तीमा दुईजना महिला सहित चार जना -सदस्य

(२) समितिको कार्यालय प्रमुखले सचिवको रुपमा कार्य गर्नेछ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** नियम ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको वार्षिक कार्यक्रम तयार गरी स्वीकृतिका लागि परिषद्मा पेश गर्ने,

(ख) जिल्लाभित्र रहेका खेलकुदका भौतिक पूर्वाधारहरुको अभिलेख राख्ने र तिनको संरक्षण, मर्मत एवम् नयाँ निर्माण गर्न परिषद्मा सिफारिस गर्ने,

(ग) जिल्लाभित्र रहेका विभिन्न विधाका खेलाडीहरुको अभिलेख अद्यावधिक गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) जिल्लास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने,

(ङ) प्रदेश र राष्ट्रियस्तरका खेलकुद प्रतियोगिताहरुमा खेलाडीहरुलाई सहभागी गराउने,

(च) नियमित प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्ने,

(छ) विभिन्न खेलका जिल्ला संघ, संस्थाहरुसँग आवश्यक समन्वय गर्ने,

(ज) स्थानीय तहमा खेलकुद प्रतियोगिता सञ्चालनका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(झ) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्ने,

(ञ) संघसंस्था तथा अन्य निकायहरुसँग समन्वय गरी खेलकुदको विकासमा प्रोत्साहन गर्ने,

(ट) जिल्लाभित्र आवश्यक पर्ने खेलकुदका सामग्रीहरुको व्यवस्थापन गर्ने,

(ठ) खेलकुद विकासका लागि आवश्यक अन्य कार्य गर्ने ।

५. **<u>समितिको बैठक सम्बन्धी कार्यविधिः</u>** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगाडि बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना समितिको सदस्य सचिवले सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बैठकको अध्यक्षता गर्नेछ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ।

(७) समितिको बैठकको निर्णय समितिको सचिवले प्रमाणित गर्नेछ।

## परिच्छेद-३

## सेवा शर्त र सुविधा

६. **पुरा समय काम गर्नु पर्ने:** सदस्य-सचिव परिषद्मा पूरा समय काम गर्ने प्रशासनिक पदाधिकारी हुनेछ।

७. **सदस्य-सचिवको पारिश्रमिक र सुविधा:** (१) सदस्य-सचिवले प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारीको शुरु तलब स्केल बराबरको पारिश्रमिक पाउनेछ।

(२) सदस्य-सचिवले स्वदेश र विदेशमा भ्रमण गर्दा एघारौं तहका अधिकृत कर्मचारी सरह दैनिक भत्ता तथा भ्रमण खर्च पाउनेछ।

(३) परिषद्ले सदस्य-सचिवलाई एघारौं तहका अधिकृत कर्मचारी सरह सवारी साधन, चालक र इन्धन सुविधा उपलब्ध गराउनेछ।

(४) सदस्य-सचिवलाई प्रोत्साहन भत्ता लगायत अन्य थप सुविधाहरु दिइने छैन।

८. **परिषद्को सदस्यको भत्ता:** परिषद्का सदस्यले प्रचलित नियमानुसार बैठक भत्ता पाउनेछ ।

९. **समितिका अध्यक्ष र सदस्यको भत्ता:** समितिका अध्यक्ष र सदस्यले प्रचलित नियमानुसार बैठक भत्ता पाउनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद-४

## खेलकुद सम्बन्धी क्लब, संघ वा संस्थाको आबद्धता सम्बन्धी व्यवस्था

१०. **खेलकुद सम्बन्धी क्लब, संघ वा संस्था आबद्धता तथा नवीकरण सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा १३ बमोजिम परिषद्मा आबद्ध हुन चाहने क्लब, संघ वा संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा परिषद्मा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर परिषद्ले आवश्यक जाँचबुझ गर्दा निवेदक क्लब, संघ वा संस्थालाई परिषद्मा आबद्धता प्रदान गर्न उपयुक्त देखिएमा तीन हजार रुपैयाँ दस्तुर लिई अनुसूची-२ बमोजिमको ढाँचामा आबद्धताको प्रमाणपत्र दिइनेछ।

(३) परिषद्मा आबद्ध भएका क्लब, संघ वा संस्थाले आफ्नो आबद्धता कायमै राख्न चाहेमा त्यस्तो आबद्धताको अवधि सकिनु भन्दा पन्ध्र दिन अगावै नवीकरणको लागि अनुसूची-३ बमोजिमको ढाँचामा परिषद्मा निवेदन दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम दिने निवेदनको साथमा देहायका कागजात पेश गर्नु पर्नेछ :-

(क) क्लब, संघ वा संस्थाले नवीकरण वा बहाल रहने अवधि पुष्टि गर्ने प्रमाणको प्रतिलिपि,

(ख) क्लब, संघ वा संस्थाको वार्षिक लेखापरीक्षण प्रतिवेदन,

(ग) परिषद्ले तोकेको अन्य कागजात।

(५) उपनियम (३) बमोजिमको आबद्धता नवीकरण गराउनका लागि दिएको निवेदन जाँचबुझ गर्दा परिषद्ले उपयुक्त

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

देखेमा तीन हजार रुपैयाँ नवीकरण दस्तुर लिई निवेदक संघ वा संस्थाको आबद्धता नवीकरण गरिदिनेछ।

(६) उपनियम (३) बमोजिमको अवधिभित्र आबद्धता नवीकरण गराउन नसकेको संघ वा संस्थाले त्यसको मनासिब कारण देखाई सो अवधि समाप्त भएको मितिले तीन महिनाभित्र नवीकरणको लागि अनुसूची-४ बमोजिमको ढाँचामा परिषद्मा निवेदन दिनुपर्नेछ।

(७) उपनियम (६) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा मनासिब देखिएमा परिषद्ले उपनियम (५) बमोजिम लाग्ने नवीकरण दस्तुरमा त्यस्तो दस्तुरको पचास प्रतिशत थप दस्तुर लिई त्यस्तो संघ वा संस्थाको आबद्धता नवीकरण गरिदिनु पर्नेछ।

**११. <u>आबद्धता रद्द गर्न सक्ने</u>:** (१) देहायको अवस्थामा परिषद्मा आबद्ध भएका संघ वा संस्थाको आबद्धता स्वतः रद्द भएको मानिनेछ :-

(क) प्रचलित कानून बमोजिम संघ वा संस्थाको विघटन भएमा।

(ख) नियम १० को उपनियम (७) बमोजिमको अवधिभित्र आबद्धता नवीकरण नगराएमा।

(२) देहायको अवस्थामा परिषद्ले आफूसँग आबद्ध भएका संघ वा संस्थाको आबद्धता रद्द गर्न सक्नेछ :-

(क) वार्षिक लेखापरीक्षण नगराएमा,

(ख) संघ वा संस्थाको विधानमा संशोधन भई खेलकुदको क्षेत्रमा कार्यक्षेत्र नरहने भएमा,

(ग) संघ वा संस्थाको रकम हिनामिना गरेमा,

(घ) आफ्नो उद्देश्य अनुरुप कामकारबाही गरेको नपाएमा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) परिषद्को हित विपरीतको कुनै कार्य गरेमा वा परिषद्लाई हानि नोक्सानी पुऱ्याएमा,

(च) परिषद्ले आबद्धता दिँदाको शर्त तथा परिषद्को सहयोग र सहकार्यमा गरिने कुनै कामको सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा।

## परिच्छेद-५

## खेलाडीको व्यवसायिक सुरक्षा

१२. **खेलाडीको बीमा सम्बन्धी व्यवस्था**ः परिषद्सँग आबद्ध क्लब वा संस्थाका खेलाडीलाई प्रदेश सरकारको प्रतिनिधित्व गर्ने गरी परिषद्ले कुनै पनि खेलकुद प्रतियोगितामा सहभागी गराउँदा त्यस्तो खेलाडी, प्रशिक्षक, रेफ्रीको अनुसूची-५ बमोजिम बीमा गर्नु पर्नेछ।

१३. **खेलाडीलाई प्रदान गरिने भत्ता**ः (१) परिषद्ले राष्ट्रिय स्तरको खेलकुद प्रतियोगितामा नियम १८ बमोजिम प्रदेशको प्राथमिकतामा परेका खेलमा स्वर्ण पदक जित्ने प्रदेशका खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद्ले प्रदान गर्ने सरहको मासिक भत्ता दोहोरो नपर्ने गरी प्रदान गर्नेछ।

तर खेलाडीले खेल खेल्न छोडेमा त्यस्तो भत्ता उपलब्ध गराइने छैन।

(२) परिषद्ले आयोजना गरेको प्रदेशस्तरीय खेलकुद प्रतियोगिता तथा प्रदेश सरकारको प्रतिनिधित्व गरी राष्ट्रिय प्रतियोगितामा सहभागी खेलाडीलाई परिषद्ले तालिम तथा खेल अवधिभर दैनिक दुई हजार रुपैंया भत्ता उपलब्ध गराउनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद-६
## विविध

१४. **खेलकुद विकास प्रशिक्षण प्रतिष्ठानको स्थापनाः** (१) ऐनको दफा २९ बमोजिम परिषद् मातहत रहने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार प्रदेश खेलकुद विकास प्रशिक्षण प्रतिष्ठानको स्थापना गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम स्थापित प्रतिष्ठानको सञ्चालन, सुपरिवेक्षण तथा अनुगमनको कार्य परिषद्ले गर्नेछ।

१५. **संगठन संरचना तथा कर्मचारी व्यवस्थाः** परिषद्, प्रतिष्ठान तथा समितिको संगठन संरचना र कर्मचारीको नियुक्ती सम्बन्धी व्यवस्था प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

१६. **परिषद्को कोष सञ्चालन**ः परिषद्को कोषको खाता सञ्चालन सदस्य-सचिव वा निजले तोकेको अधिकृत र परिषद्को लेखा सम्बन्धी कार्य गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

१७. **अधिकार प्रत्यायोजनः** परिषद्ले ऐन तथा यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार सबै वा केही अधिकार परिषद्को अध्यक्ष, सदस्य-सचिव, सदस्य, समिति वा अधिकृतस्तरको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१८. **खेलकुदको प्राथमिकिकरणः** परिषद्ले देहाय बमोजिमको खेलहरुलाई प्राथमिकतामा राखी खेलकुद सम्बन्धी क्रियाकलाप सञ्चालन गर्दै लैजानेछ :-

(क) फुटबल,

(ख) क्रिकेट,

(ग) एथेलेटिक्स,

(घ) तेक्वान्दो,

(ङ) कराते,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(च) बक्सिङ,

(छ) भलिबल,

(ज) ब्याडमिन्टन,

(झ) पौडी।

१९. **<u>शपथः</u>** परिषद् र समितिका पदेन सदस्य बाहेक अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-६ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

२०. **<u>निर्देशिका, कार्यविधि, तथा मापदण्ड बनाउन सक्नेः</u>** (१) परिषद्ले ऐन तथा यस नियमावलीले प्रदान गरेको काम, कर्तव्य र अधिकार कार्यान्वयनका लागि आवश्यकता अनुसार निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको परिषद्ले बनाएको निर्देशिका, कार्यविधि तथा मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-१

(नियम १० को उपनियम (१) सँग सम्बन्धित)

**प्रदेश खेलकुद परिषद्मा आबद्धताको लागि दिइने निवेदनको ढाँचा**

मिति........................ :

श्री प्रदेश खेलकुद परिषद्,
बागमती प्रदेश ................।

**विषय :परिषद्मा आबद्ध हुन पाउँ।**

प्रदेश खेलकुद विकास ऐन, २०७५ को दफा १३ तथा प्रदेश खेलकुद विकास नियमावली, २०७६ को नियम १० को उपनियम (१) बमोजिम परिषद्सँग आबद्ध हुन चाहेकोले देहायको विवरण खुलाई तथा कागजात संलग्न गरी तोकिएको दस्तुर सहित आबद्धताका लागि यो निवेदन पेश गरेको छु। परिषद्सँग आबद्धता भए बापत पालन गर्नु पर्ने शर्तको पालना गर्न मञ्जुर छु।

१. क्लब/संघ वा संस्थाको नामः

२. क्लब/संघ वा संस्थाको ठेगानाः

क) गाउँपालिका/नगरपालिकाः

ख) जिल्ला : ............ ग) फोन नं.: ...............

घ) फ्याक्स नं.: .......... ङ) इमेलः ....................

च) वेवसाइट : ..............................

३. क्लब/संघ वा संस्थाको उद्देश्य :

(क)

(ख)

(ग)

(घ)

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ङ)

४. क्लब/संघ वा संस्थाकोनवीकरण  बहाल रहने अवधि :

५. क्लब/संघ वा संस्थाको कार्य समितिका सदस्यहरुको नाम र ठेगानाः

(क)

(ख)

(ग)

(घ)

(ङ)

<u>संलग्न कागजातहरुः</u>

(क) क्लब /संघ वा संस्था दर्ताको प्रमाणपत्र,

(ख) सञ्चालन गरिने खेलकुद,

(ग) निवेदक क्लब /संघ वा संस्थाको  विधान प्रतिलिपि,

(घ) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) क्लब /संघ वा संस्थाको तर्फबाट आबद्धताको लागि निवेदन दिने व्यक्तिलाई सो गर्न अधिकार दिएको निर्णयको प्रतिलिपि

संस्थाको छाप :

निवेदकको नाम थर :

दस्तखत :

पद :

क्लब वा संघ वा संस्थाको नाम :

ठेगाना :

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसूची-२

(नियम १० को उपनियम (२) सँग सम्बन्धित)

**<u>प्रदेश खेलकुद परिषद्मा आबद्ध क्लब/संघ तथा संस्थाको प्रमाणपत्रको ढाँचा</u>**

प्रदेश खेलकुद परिषद्

आबद्धताको प्रमाणपत्र

प्रदेश खेलकुद विकास परिषद्सँग आबद्ध हुन पाउँ भनी ....................(क्लब/संघ/ वा संस्थाको नाम र ठेगाना) ले मिति.................... मा दिएको निवेदन उपर कारबाही हुँदा प्रदेश खेलकुद परिषद्को मिति......................को निर्णयानुसार त्यस क्लब/संघ/संस्थालाई प्रदेश खेलकुद विकास ऐन, २०७५ को दफा १५ तथा प्रदेश खेलकुद विकास नियमावली, २०७६ को नियम १० को उपनियम (२) बमोजिम परिषद्सँग आबद्ध गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

१. आबद्धता नम्बरः

२. आबद्धता कायम रहने अवधिः यो आबद्धताको नवीकरण गराएको अवस्थामा बाहेक मिति................. सम्म कायम रहनेछ।

**परिषद्को छाप**

**प्रमाणपत्र जारी गर्ने अधिकारीको**

नाम, थरः-

पदः-

मितिः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## पछाडिपट्टी

## नवीकरण सम्बन्धी विवरणः

| सि. नं. | नवीकरण गर्ने कर्मचारी | दर्जा | दस्तखत | मिति | जारी अवधि | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## अनुसूची-३

(नियम १० को उपनियम (३) सँग सम्बन्धित)

## <u>आबद्धता नवीकरण गराउनको लागि दिने निवेदनको ढाँचा</u>

प्रदेश खेलकुद विकास परिषद्, मितिः..................

बागमती प्रदेश............।

**विषय : <u>आबद्धता नवीकरण गरी पाउँ</u>।**

यस क्लब/संघ/संस्थाको प्रदेश खेलकुद विकास परिषद्सँगको आबद्धता कायम रहने अवधि मिति .................. मा समाप्त हुने भएकोले प्रदेश खेलकुद विकास नियमावली, २०७६ को नियम १० को उपनियम (३) बमोजिम आबद्धता नवीकरण गराउन तोकिएको दस्तुर सहित यो निवेदन पेश गरेको छु ।

**<u>संलग्न कागजातहरु</u>**

(क) परिषद्मा आबद्ध भएको प्रमाणपत्रको सक्कलै र एक प्रति प्रतिलिपि,

(ख) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ग) क्लब/संघ वा संस्थाको नवीकरण बहाल रहने अवधि देखिने प्रमाणपत्रको प्रतिलिपि,

(घ) पछिल्लो दुई वर्षमा सम्पादन गरेका मुख्य मुख्य कार्यको विवरण,

**निवेदकको**

नाम थर :

दस्तखत :

पद :

क्लब वा संघ वा संस्थाको नाम :

ठेगाना :

**संस्थाको छाप**

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

अनुसूची-४

(नियम १० को उपनियम (६) सँग सम्बन्धित)

**म्याद गुज्रिएको क्लब /संघ/संस्थाले आबद्धता नवीकरण गराउनको लागि दिने निवेदनको ढाँचा**

प्रदेश खेलकुद विकास परिषद्, मितिः.................

बागमती प्रदेश.....................।

**विषय : आबद्धता नवीकरण गरी पाउँ।**

यस क्लब/संघ/संस्थाको प्रदेश खेलकुद विकास परिषद्सँगको आबद्धता कायम रहने अवधि मिति .................. मा समाप्त भएको र .................... कारणले गर्दा समयमा नै आबद्धता नवीकरण गराउन असमर्थ भएकोले प्रदेश खेलकुद विकास नियमावली, २०७६को नियम १० को उपनियम (६) बमोजिम नवीकरणका लागि तोकिएको दस्तुर सहित यो निवेदन पेश गरेको छु।

**संलग्न कागजातहरु**

(क) परिषद्मा आबद्ध भएको प्रमाणपत्रको सक्कलै र एक प्रति प्रतिलिपि,

(ख) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ग) क्लब /संघ वा संस्थाको नवीकरण बहाल रहने अवधि देखिने प्रमाणपत्रको प्रतिलिपि,

(घ) पछिल्लो दुई वर्षमा सम्पादन गरेका मुख्यमुख्य कार्यको विवरण,

**संस्थाको छाप**

**निवेदकको**

नामथर :

दस्तखत :

पद :

क्लब वा संघ वा संस्थाको नाम :

ठेगाना :

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## अनुसूची-५

(नियम १२ सँग सम्बन्धित)

**<u>खेलाडीलाई प्रदान गरिने बीमा</u>**

| **क्र.सं.** | **खेलाडीको अवस्था** | **बीमाङ्क रकम** |
|---|---|---|
| १. | मृत्यु भएमा | रु ३०,००,०००/-<br>(रु तीस लाख) |
| २. | घाइते भएमा | रु १५,००,०००/-<br>(रु पन्ध्र लाखसम्म) |

**<u>स्पष्टीकरणः</u>** बीमा, खेल प्रशिक्षण र खेल अवधिभर लागू हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची-६

(नियम १९ सँग सम्बन्धित)

**<u>शपथ</u>**

म ...................... (शपथ लिने व्यक्तिको नाम) मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि प्रदेश खेलकुद विकास परिषद्/जिल्ला खेलकुद विकास समितिको ................... पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझेसम्म कर्तव्य सम्झी देश तथा परिषद् प्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधीनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन ।

**<u>शपथ ग्रहण गर्नेको</u>**

नाम :

दस्तखत :

मिति :

पद :

**<u>शपथ ग्रहण गरेको प्रमाणित गराउनेको</u>**

नाम :

दस्तखत :

मिति :

पद :

कार्यालय :

द्रष्टव्यः केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ बमोजिम प्रदेश नं. ३ को सट्टा बागमती प्रदेश राखिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश